
# प्रारम्भिक सहायता कार्यक्रम पश्चातको संक्रमणकालीन चरण



## तपाईंका बच्चाका भावी चरणहरू!

NEW YORK STATE | Department of Health

## संक्रमण भनेको के हो?

संक्रमणले तपाईंको बच्चाले प्रारम्भिक सहायता कार्यक्रम (Early Intervention Program) छोड्ने समयलाई जनाउँछ।

## संक्रमण योजना कहिले सुरु गर्नुपर्छ?

बच्चाहरू प्रारम्भिक सहायता कार्यक्रममा छोटो समयका लागि (जन्मदेखि तीन वर्षको उमेरसम्म) हुने भएकाले, सकेसम्म चाँडो संक्रमण योजना सुरु गर्नु महत्त्वपूर्ण छ। तपाईंको बच्चा तीन वर्षको हुनुअघि तपाईंको सेवा संयोजकले तपाईंलाई संक्रमण योजना मार्फत मार्गदर्शन गर्नेछ। यस योजनाको एउटा भागमा संक्रमण योजनाको विकास समावेश छ।

## संक्रमण योजना के हो?

तपाईंको बच्चाले प्रारम्भिक सहायता कार्यक्रम छोड्नु अघि, तपाईं र तपाईंको व्यक्तिगत पारिवारिक सेवा योजना (Individualized Family Service Plan) टोलीद्वारा एक लिखित संक्रमण योजना विकास गरिनेछ। योजनामा तपाईंले कार्यक्रम छोड्दा तपाईंको बच्चा वा परिवारलाई आवश्यक पर्न सक्ने मद्दत, सहायता र सेवाहरू समावेश हुनेछन्। प्रत्येक परिवारको संक्रमण योजना उनीहरूको बच्चा र परिवारको आवश्यकता अनुसार अद्वितीय हुन्छ।

जब उनीहरूले प्रारम्भिक सहायता कार्यक्रम छोड्छन्, केही बच्चाहरू आफ्नो स्थानीय स्कुल डिस्ट्रिक्ट मार्फत पूर्व-विद्यालय विशेष शिक्षा कार्यक्रम (Preschool Special Education Program) मा, वा उनीहरूको समुदायमा अन्य प्रारम्भिक बाल्यकाल सेवा तथा सहायताहरूमा जान सक्छन्।

## पूर्व-विद्यालय विशेष शिक्षा कार्यक्रम के हो?

पूर्व-विद्यालय विशेष शिक्षा कार्यक्रम तीन देखि पाँच वर्ष उमेरका अपाङ्गता भएका बालबालिकाका लागि हो। न्यु योर्क राज्य शिक्षा विभाग (New York State Education Department) ले पूर्व-विद्यालय विशेष शिक्षा कार्यक्रमहरू र सेवाहरूको सुपरिवेक्षण/रेखदेख गर्दछ। तीन वर्ष पुग्न लागेका र पूर्व-विद्यालय सेवाहरूका लागि योग्य हुन सक्ने बालबालिकाहरूलाई उनीहरूको स्थानीय स्कुल डिस्ट्रिक्ट मार्फत उनीहरूको पूर्व-विद्यालय विशेष शिक्षा समिति (Committee on Preschool Special Education, CPSE) मा पठाइन सकिन्छ।



# पूर्व-विद्यालय विशेष शिक्षा कार्यक्रम तथा सेवाका लागि योग्यता प्राप्त गर्ने चार चरणहरू के-के हुन्?

## चरण 1। सूचना

तपाईंको सेवा संयोजकले तपाईंको स्कुल डिस्ट्रिक्टलाई तपाईंको बच्चा पूर्व-विद्यालय विशेष शिक्षा कार्यक्रमहरू र सेवाहरूका लागि योग्य हुन सक्छ भनेर सूचित गर्नेछ। तपाईंसँग लिखित रूपमा यस सूचनामा आपत्ति जनाउने (अप्ट-आउट) अवसर हुनेछ।

## चरण 2। संक्रमण सम्मेलन

तपाईंको सेवा संयोजकले तपाईंलाई CPSE को अध्यक्षसँग भेट्ने मौका प्रदान गर्नुपर्छ। यस बैठकलाई संक्रमण सम्मेलन (transition conference) भनिन्छ।

## संक्रमण सम्मेलनका मुख्य लक्ष्यहरू निम्न छन्:

- प्रारम्भिक सहायता कार्यक्रम र CPSE बिचको भिन्नताहरूको समीक्षा गर्ने;
- आफ्नो बच्चालाई CPSE मा कहिले र कसरी पठाउने भन्ने बारे कुरा गर्ने;
- CPSE मूल्याङ्कन र योग्यता प्रक्रिया बारे कुरा गर्ने;
- आफ्नो बच्चाको लागि CPSE मार्फत सेवाहरूका विकल्पहरूको समीक्षा गर्ने;
- तपाईंसँग हुन सक्ने कुनै पनि प्रश्नहरूको जवाफ दिने; र
- आफ्नो संक्रमण योजना विकास वा अद्यावधिक गर्ने।

## चरण 3। सिफारिस

तीन वर्ष पुग्न लागेका र पूर्व-विद्यालय विशेष शिक्षा कार्यक्रमहरू र सेवाहरूका लागि योग्य हुन सक्ने बालबालिकाहरूलाई उनीहरूको CPSE मा सिफारिस गर्न सकिन्छ। सिफारिस त्यस्तो लिखित कथन हो जसले तपाईंको स्कुल डिस्ट्रिक्टलाई तपाईंको बच्चालाई विशेष शिक्षा सेवाहरू चाहिन्छ कि चाहिँदैन भनेर निर्धारण गर्न सोध्छ। तपाईंको सेवा संयोजकले तपाईंलाई यो सिफारिस गर्न मद्दत गर्न सक्छ।

## चरण 4। मूल्याङ्कन

CPSE ले तपाईंको बच्चा पूर्व-विद्यालय विशेष शिक्षा कार्यक्रम तथा सेवाका लागि योग्य छ कि छैन भनेर निर्धारण गर्छ। CPSE ले तपाईंको बच्चाको प्रारम्भिक सहायता कार्यक्रमको मूल्याङ्कनहरू प्रयोग गर्न सक्छ वा नयाँ मूल्याङ्कनहरू पूरा गर्न अनुरोध गर्न सक्छ। नयाँ मूल्याङ्कनहरू आवश्यक परेमा, CPSE ले तपाईंको लिखित सहमति माग्नेछ।



## तपाईंको बच्चा पूर्व-विद्यालय विशेष शिक्षाको लागि योग्य भएमा, प्रारम्भिक सहायता कार्यक्रम कहिले समाप्त हुन्छ र पूर्व-विद्यालय सेवाहरू कहिले सुरु हुन्छ?

- तपाईंको बच्चाको तेस्रो जन्मदिनले प्रारम्भिक सहायता सेवाहरू कहिले समाप्त हुन्छ र पूर्व-विद्यालय सेवाहरू कहिले सुरु हुन सक्छ भनेर निर्धारण गर्नेछ।
- बालबालिकाहरू एकै समयमा प्रारम्भिक सहायता कार्यक्रम र पूर्व-विद्यालय विशेष शिक्षा कार्यक्रममा हुन सक्दैनन्। तपाईंको प्रारम्भिक सहायता टोली र CPSE अध्यक्षले तपाईंको बच्चाको कार्यक्रम आवश्यकताहरूको आधारमा उसको लागि उत्तम संक्रमण मितिको बारेमा मार्गदर्शन गर्न सक्छन्।
- आफ्नो स्कुल डिस्ट्रिक्टसँगको CPSE बैठकको दौरान आफ्नो बच्चाको संक्रमण मितिहरूबारे छलफल गर्न निश्चित हुनुहोस्।

## तपाईंको बच्चा पूर्व-विद्यालय विशेष शिक्षा सेवाहरूका लागि योग्य भएन भने के हुन्छ?

तपाईंको बच्चाको प्रारम्भिक सहायता सेवाहरूको अन्तिम दिन उसको तेस्रो जन्मदिनको अघिल्लो दिन हो।

**विचार गर्नुपर्ने कुराहरू:**

- तपाईंको सेवा संयोजकले तपाईंलाई आफ्नो संक्रमण योजना अद्यावधिक गर्न मद्दत गर्न सक्छ।
- सेवाहरू प्राप्त गर्नका लागि धेरै विकल्पहरू छन्। तपाईंले स्कुल डिस्ट्रिक्ट मार्फत जानुको सट्टा सेवाहरू प्राप्त गर्न आफ्नो निजी बीमा वा निजी भुक्तानी प्रयोग गर्ने निर्णय गर्न सक्नुहुन्छ वा तपाईंले आफ्नो समुदाय भित्रका सामुदायिक पूर्व-विद्यालय वा डेकेयर मार्फत जस्ता सेवाहरू प्राप्त गर्ने निर्णय गर्न सक्नुहुन्छ।

## याद गर्नु पर्ने महत्त्वपूर्ण बुँदाहरू:

- प्रारम्भिक सहायता कार्यक्रममा योग्यताले तपाईंको बच्चा पूर्व-विद्यालय विशेष शिक्षा कार्यक्रमको लागि योग्य हुनेछ भन्ने ग्यारेन्टी दिँदैन।

- तपाईंको बच्चा प्रारम्भिक सहायता कार्यक्रममा रहेको समयको सुरुदेखि नै संक्रमणको बारेमा छलफल गरिनुपर्छ र तपाईंको बच्चा तीन वर्षको उमेर नजिक पुग्दा यसको समीक्षा गरिनुपर्छ।

- आफ्नो बच्चाको तेस्रो जन्मदिन अघि CPSE बैठक गर्न पर्याप्त समय उपलब्ध गराउनका लागि आफ्नो बच्चालाई CPSE मा सिफारिस गर्नुहोस् र मूल्याङ्कनको लागि सहमतिमा हस्ताक्षर गर्नुहोस्।

- तपाईंको बच्चा पूर्व-विद्यालय विशेष शिक्षाको लागि योग्य छ, तर उसको CPSE बैठक उसको तेस्रो जन्मदिनमा वा त्यसपछि भएको थियो भने, प्रारम्भिक सहायता सेवाहरूको अन्तिम दिन उसको तेस्रो जन्मदिनको अघिल्लो दिन हो।

**प्रारम्भिक सहायता कार्यक्रमबाट बाहिर निस्कनु तपाईंको बच्चा र परिवारको लागि ठूलो कदम हो। तपाईंले कार्यक्रम छोड्दा तपाईंको सेवा संयोजकले तपाईंलाई सहजीकरण गर्न मद्दत गर्नेछ।**

## थप जानकारीका लागि:

### न्यु योर्क राज्य स्वास्थ्य विभाग प्रारम्भिक सहायता कार्यक्रम (New York State Department of Health Early Intervention Program)

फोन: (518) 473-7016
इमेल: beipub@health.ny.gov
वेब: health.ny.gov/EIFamilies

### न्यु योर्क राज्य शिक्षा विभाग (New York State Education Department)

फोन: (518) 474-3852
वेब: nysed.gov

NEW YORK STATE | Department of Health